# पाल्हीनन्दन गाउँपालिका

## नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

खण्ड २ संख्या २ मिति २०८०/११/२४

**भाग १**

**पाल्हीनन्दन गाउँपालिका**


## पाल्हीनन्दन गाउँपालिका संस्था दर्ता ऐन २०८०

**१६औ गाउँसभाबाट स्वीकृत मिति : २०८०/११/२०**

**प्रस्तावना :**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, 'शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन को दफा १०२ र ऐ. ऐ दफा ११ को उपदफा (४) (ठ) ले दिएको अधिकार प्रयोग गरी पाल्हीनन्दन गाउँपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

(१) यस ऐनको नाम "पाल्हीनन्दन गाउँपालिका संस्था दर्ता ऐन २०८०" रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(१) "ऐन" भन्नाले "पाल्हीनन्दन गाउँपालिका संघ संस्था दर्ता ऐन २०८०" सम्झनु पर्छ ।

(२) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, धार्मिक संस्था आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(३) "स्थानीय अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(४) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(५) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(६) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा ब्यवस्था भए बमोजिम पाल्हीनन्दन गाउँपालिकाको समिति सम्झनु पर्छ ।

(७) "कार्यपालिका" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(८) "स्थानीय सरकार" भन्नाले पाल्हीनन्दन गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(९) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको अर्को संघिय वा प्रदेश ऐन भन्ने सम्झनु पर्छ ।

(१०) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(११) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक बिकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने दिपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ ।

(१२) “विधान” भन्नाले यो ऐन अनुसार स्थापित हुने अनुसुची ३ बमोजिमको नमुना विधान अनुसार बनेको संस्थाको विधान भन्ने सम्झनु पर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :**

(१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि पाल्हीनन्दन गाउँ क्षेत्रभित्र संस्था स्थापना गर्न हुदैन ।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उदेश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

**४. संस्थाको दर्ता :** (१) संस्था स्थापना गर्न चाहने ९ बढीमा २१ जना व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उदेश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत.

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ ।

(क) संबन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रामाणित विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको )

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । गाउँ कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ । यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसुची १ अनुसार हुनेछ र सो बापत लाग्ने दर्ता तथा नविकरण दस्तुर गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ ।

**५. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ ।

**७. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्ने :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम पाल्हीनन्दन गाउँपालिका क्षेत्रमा केन्द्रिय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल पाल्हीनन्दन गाउँपालिका क्षेत्रमा कार्य गर्न चाहाने सबै संस्थाहरुले गाउँपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजिम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ ।

**८. संस्थाको उदेश्यहरुमा हेरफेर :** (१) संस्थाको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :** (१) कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन लगाउनु पर्नेछ ।

**११. निर्देशन दिने :** (१) पाल्हीनन्दन गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय** (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था वा दफा ७ बमोजिम शाखा नखोलि संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुन अनुसार दण्ड र सजाय दिईनेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाई बार्षिक नविकरण नगर्ने संस्थाले प्रतिबर्ष शत् प्रतिशत नविकरण दस्तुर तिरी पाँच आर्थिक बर्षभित्र संस्था नविकरण गराउन सक्नेछन् । तीन आर्थिक बर्ष सम्ममा पनि नविकरण नगर्ने संस्था स्वतः खारेज भएको मानिनेछन् ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(४) दफा ८ को (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा

स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन** : दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यसको परिणाम** : (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्ने छ ।

**१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने** : (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघिय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ । स्थानीय सरकारमा दर्ता भएको संस्था यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ ।

**१६. नविकरण र प्रतिवेदन सम्बन्धि व्यवस्था** : (१) दर्ता भएका संस्थाहरुले बार्षिक नविकरण गराउनु पर्नेछ । नविकरणका लागि दिईने निवेदन मा बार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुन पर्नेछ । नविकरण दस्तुर गाउँपालिकाले तोके बमोजिमको हुनेछ ।

**१७. खारेजी र बचाउ** : (१) यस ऐनका दफा वा उपदफाहरु स्थानीय सरकारले आवश्यकता बमोजिम खारेज वा संसोधन गर्न सक्नेछ । त्यसैगरी यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, नियमावली, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) संस्था रजिष्ट्रेशन ऐन, २०१६ लगायत नेपाल सरकारद्धारा संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

(३) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानून र प्रदेशिक कानूनसँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वत निष्कृय हुनेछ ।

**अनुसूची १**

**दफा ४ को उपदफा ३ सँग सम्बन्धित**

**संघ संस्था दर्ता प्रमाणपत्रको नमुना**

दर्ता नं.......................

मिति :....................

पाल्हीनन्दन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश

**संस्था दर्ता प्रमाण-पत्र**

पाल्हीनन्दन गाउपालिका वडा नं.......... स्थित................. मा स्थापना भएको...........संस्थालाई पाल्हीनन्दन गाउ कार्यपालिकाको मिति.............. को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

"यस गाउँपालिकाको आर्थिक, सामाजिक, धार्मिक, भौतीक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।"

..............................

प्रमुख प्रशासकीय अधिकृत

## नविकरणको बिवरण

| नवीकरण | | | दस्तखत र छाप | |
|---|---|---|---|---|
| नबिकरण मिति | मान्य रहने आर्थिक बर्ष | रसिद नं. | शाखा प्रमुख | प्रमाणित गर्ने |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची- २
## संस्था दर्ता गर्ने निवेदनको नमूना

मिति -........................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
पाल्हीनन्दन गाउँ कार्यपालिकाको कार्यालय
पाल्हीनन्दन, नवलपरासी (ब.सु.प) ।

विषय - संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउपालिकाको वडा नं........को.............................. टोलमा स्थापना गरिएको .............................. .संस्थालाई पाल्हीनन्दन गाउँपालिकाको कार्यालयमा दर्ता सुचिकृत गरि दिनु हुन अनुरोध गर्दछु । यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ ।

निवेदक
................
अध्यक्ष
प्रस्तावित संस्थाको नाम
ठेगाना

(क) सम्बन्धित वडाको सिफारिस पाल्हीनन्दन
(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना
(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि
(घ) संस्थाको प्रमाणित विधान

## अनुसुची ३

## दफा २ को उपदफा १२ सँग सम्बन्धित

## विधानको नमूना

## ..................... संस्थाको विधान, २०...........

**प्रस्तावना :**

................(संस्था दर्ता गर्नुको औचित्यको छोटो पृष्ठभूमि)

...................................................................................................................................
सामाजिक आर्थिक रुपमा शसक्त सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुट्ने उदेश्य लिई यस सस्थाको सञ्चालनका लागि........................... संस्था २०... को विधान पाल्हीनन्दन गाउँपालिका संस्था दर्ता ऐन २०८० को अधिनमा रहि तर्जुमा गरिएको छ ।

**परिक्षेद-१**

**प्रारम्भ**

**१. संस्थाको नामः-**.................................हुनेछ । अंग्रेजीमा यसलाई........................... भनिनेछ ।

**(क) संस्थाको कार्यालय रहने ठेगानाः** यस संस्थाको कार्यालय......................... मा रहनेछ ।

**(ख) संस्थाको कार्यक्षेत्र :-** यस संस्थाको कार्यक्षेत्र प्रारंभिक रुपमा पाल्हीनन्दन गाउँपालिका भित्र हुनेछ । प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानीय तहको पुर्व स्विकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, -

**(क) "संस्था"** भन्नाले.....................लाई संम्झिनु पर्छ ।

(ख) **"विधान"** भन्नाले..................................................................को विधानलाई सम्झिनु पर्छ।

**(ग) "समिति"** भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्दछ ।

**(घ) "सभा"** भन्नाले यस विधान अनुसार बन्ने साधरणसभा र विशेष साधारण सभालाई सम्झिनु पर्छ । **(ङ) "पदाधिकारी"** भन्नाले यस संस्थाको पदाधिकारीलाई सम्झिनु पर्दछ ।

**(च) "नियम विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम बिनियमलाई जनाउछ ।

**(छ) "तोकिए वा तोकिए बमोजिम"** भन्नाले यो र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए वा तोकिए बमोजिम हुनेछ ।

**(ज) "स्थानीय सरकार"** भन्नाले पाल्हीनन्दन गाउँपालिकालाई सम्झनु पर्नेछ।

**(झ) "स्थानीय अधिकारी"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

**(ञ) "सम्बन्धित कार्यालय"** भन्नाले पाल्हीनन्दन गाउँकार्यपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझाउने छ ।

**(ट) "सल्लाहकार"** भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियुक्ती गर्ने सल्लाहकारलाई जनाउने छ ।

**(ठ) "आर्थिक बर्ष"** भन्नाले यस सस्थाको हरेक बर्षको श्रावण १ गते देखि आषाढ मसान्त सम्मलाई जनाउने छ ।

**(ड) "सदस्य"** भन्नाले यस सस्थाको कुनैपनि सदस्यलाई जनाउने छ।

**(ढ) "ऐन"** भन्नाले पाल्हीनन्दन गाउँपालिकाको संस्था दर्ता ऐन २०८० लाई जनाउछ ।

**३. संस्थाको छाप र चिन्ह** :- सस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ।

तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै सस्थासंग मेल खाएमा संसोधनको प्रकृयाद्धारा तुरुन्त संसोधन गरिनेछ ।

## परिच्छेद- २

**उदेश्य**

**४. संस्थाको उदेश्य** :- यस संस्थाको उदेश्य देहाय बमोजिम हुनेछ :

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ ।

(ख)..........................................................................................।

(ग) ..........................................................................................।

(घ)

(ङ) ..........................................................................................।

(च) .......................................................................................आदि

**५. संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरुः**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्वेश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्यूटर टेलिफोन, टाईप राईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ।

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग संस्थाको उदेश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिने छ ।

## परिच्छेद ३

**सदस्यता सम्बन्धि व्यवस्था**

**सदस्यता सम्बन्धी व्यवस्था**

**६. सदस्यताको वर्गीकरण :-** यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ,

(क) साधारण सदस्यः - यस विधानको दफा ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरु साधारण सदस्य मानिनेछ ।

(ख) आजीवन सदस्य : दफा ७ अनुसार योग्यता भई चल अचल सम्पत्ति कम्तिमा रु ...... वा सोभन्दा बढि एक मुष्ठ..........बुझाएमा संस्थाको आजीवन सदस्य रहनेछन् ।

(ग) संस्थापक सदस्य :- संस्था स्थापना हुदाको कालमा संगठित भई क्रियाशिल भएका सदस्यहरु ।

(घ) मानार्थ सदस्य : संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिने छन् भनि संस्थाले प्रदान गर्ने मानार्थ सदस्य । यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिइने छैन । निजहरुले संस्थाको निर्वाचनमा उम्मेदबारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन् । राय सल्लाह र सुझाव दिन सक्नेछन्।

**७. सदस्यता प्राप्त गर्नको लागि आवश्यक योग्यता :-**

यस..............................को विधान र उद्देश्यमा आस्था राख्ने कुनै पनि जाति, भाषी र धर्म मान्ने व्यक्ति जो १८ वर्ष पुरा भएका नेपाली नागरिकहरु यस संस्थाको सदस्य हुन पाउने छन् । साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्था हित हुने काम गरेको हुनुपर्ने छ । नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :-**

(१) देहायका कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन ।

(क) गैर नेपाली नागरिक र नेपाली भएपनि १८ वर्ष पुरा नगरेको

(ख) मानसिक सन्तुलन ठीक नभएको वा अस्वस्थ्य

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको, भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र सम्म,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्यता शूल्क बुझाउन बाँकी भएको ।

**९. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन :-**

(क) उपदफा ८ (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

(ख) साधारणसभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्विकृत भएमा,

(घ) संस्थाको काम कार्वाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-**

(क) परिच्छेद नं. ३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु........ सहित निवेदन पत्र दिएमा सदस्यता बापत गर्न सकिने छ ।

(ख) साधारण सदस्यता बार्षिक शुल्क रु......... लाग्ने छ । जुन सुकै महिनामा सदस्य बनेमा वा सदस्यता नविकरण गरे पनि निजले बुझाएको शुल्क त्यसै सालको चैत्र मसान्त सम्मको लागि मात्र मान्य हुनेछ । अर्को सालको लागि पुनः नियमानुसार प्रत्येक वर्षको बैशाख.............. गते भित्र सदस्यता नविकरण गरिसक्नु पर्नेछ ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहने छ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ ।

(घ) आजीवन सदस्यता प्रदान गर्न सिफारिस कार्य समितिले गर्नेछ र यसबारे साधारण सभाले स्विकृति दिनु पर्नेछ ।

## परिच्छेद - ४

**साधारण सभा तथा वैठक सम्वन्धि व्यवस्था**

**११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धि कुराहरु :-**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :

(क) वार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिने छ ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुनें मिति, समय र स्थान छलफल गर्ने विषय खोली सवै साधारण सदस्यलाई सूचना दिईने

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पूनः साधारण सभा बोलाईनेछ ।

**१२. साधारण सभाको काम कर्तब्य र अधिकार :**

(क) कार्य समितिको निर्वाचन गर्ने ।

(ख) कार्य समितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरि पद मुक्त गर्ने ।

(ग) बिधानको अधिनमा रहि आवश्यक नियमावली स्विकृत गर्ने दरवन्दि सृजना गर्ने पारिश्रमिक निर्धारण गर्ने ।

(घ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।

(ङ) लेखा परिक्षक नियुक्त गर्ने ।

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने

(छ) विधान बमोजिम अन्य कार्य गर्ने र

(ज) सस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने ।

**१३. कार्य समिति :**

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ । कार्यसमितिको संख्या ऐनको दफा ४ अनुसार (९ देखि २१) आवश्यक पदाधिकारी राखि तलको ढाँचामा हुन पर्नेछ ।

१. अध्यक्ष - १ जना

२. उपाध्यक्ष - १ जना

३. सचिव - १ जना

४. सहसचिव - १ जना

५. कोषाध्यक्ष - १ जना

६. सदस्य

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ । समितिमा कम्तिमा तेत्तिस प्रतिशत ( ३३% ) महिला सदस्य हुनुपर्नेछ ।समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

(ग) कार्य समितिको कार्यकाल ३ वर्ष हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा वाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति, कार्य समितिद्धारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्य काल सम्मका लागि मात्र हुनेछ का

(ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

(च) कार्य समितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्त सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी राखुपर्नेछ र सो निर्णयको विवरणमा, बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहि लाई गणपुरक मानिनेछ ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद ६

**पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**१४. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-**

**१. अध्यक्ष**

(क) कार्य समितिको बैठक संचालन गर्ने ।

(ख) वैठकमा निर्णायक मत दिने ।

(ग) साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यान्वयन र रेखदेख गर्ने गराउने ।

(घ) संस्थाको सम्बन्धित सम्पुर्ण कुराहरुको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने ।

(ङ) विभिन्न संस्था वा अन्य निकायसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(च) संस्थाको पदाधिकारी सदस्यहरुको काम बाँडफाँड गर्ने

(छ) संस्थाको उद्देश्य प्राप्तीको लागि अन्य कार्य गर्ने ।

(ज) .................... संस्थाको भैपरि आउने काममा एक पटकमा रु. ३०००/- सम्म कार्य समितिबाट अनुमोदन गर्ने गरी खर्च गर्ने अन्यथा सो भन्दा वढि खर्च गर्नुपरे कार्य समितिको निर्णय अनुसार खर्च गर्ने ।

**२ . उपाध्यक्ष :-**

(क) अध्यक्षको अनुपस्थितिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने ।

(ग) विधानले तोके अनुसार र अध्यक्षद्वारा प्रत्यायोजित कार्य गर्ने ।

**३. सचिव :-**

(क) अध्यक्षको निर्देशन अनुसार साधारण सभाको र कार्यकारिणी समितिको बैठक बोलाउने ।

(ख) संस्थाको दैनिक प्रशासकिय कार्य गर्ने ।

(ग) संस्थाको रेखदेख, नियन्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति तथा निकाय संग सम्वन्ध राख्ने र पत्राचार गर्ने ।

(घ) साधारण सभामा कार्यकारिणी समितिको तर्फवाट पेश गर्नु पर्ने वार्षिक प्रगति प्रतिवेदन भावि योजना तथा कार्यक्रम प्रस्तुत गर्ने ।

(ङ) साधारण सभा र कार्यकारिणी समितिको निर्णय वमोजिम कार्य गर्ने गराउने ।

(च) संस्थाको विल, भौचर, दर्ता, चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पारदर्शिताका साथ राख्ने राख्न लगाउने ।

(छ) बैठकको कार्यसूचि तयार गर्ने, सूचना गर्ने, बैठकको निर्णय पुस्तिका लेख्ने र सुरक्षित राख्ने ।

**४. सहसचिव**

(क) सचिबको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने ।

(ख) विधानले तोके अनुसार र सचिवद्वारा प्रत्यायोजित कार्य गर्ने

**५. कोषाध्यक्ष :-**

(क) संस्थाको हिसाब श्रेस्ता दुरुस्त राख्ने ।

(ख) आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा कार्यकारिणी गाउँपालिका

समितिमा पेश गर्ने ।

(ग) आर्थिक प्रशासनको कार्य गर्ने

(घ) आर्थिक हिसाव पारदर्शी रुपमा दुरुस्त राख्ने ।

(ङ) बैकमा खाता खोली कोष स्थापना गर्ने र संस्थाको चल अचल सम्पत्तिको संरक्षण सम्बर्द्धन र सदुपयोग गर्ने।

(च) प्रत्येक आर्थिक वर्षको हिसाबको लेखा परिक्षण गराउने ।

**६.सदस्यः**

(क) नियमित बैठकमा उपस्थित भई सक्रिय रुपमा छलफलमा भाग लिने ।

(ख) कार्यकारिणी समितिले दिएको जिम्मेवारी तदारुकताका साथ निर्वाह गर्ने ।

(ग) संस्थाको उदेश्य बमोजिमको काम गर्न क्रियाशिल रहने ।

(घ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

**१५. गणपुरक संख्या :-** कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन। तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**१६. संस्थाको कोष :-** (१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन्ः

(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।

(ख) कसैले स्वेच्छाले दिएको कार्यक्रम अनुदान रकम

(ग) ऋण ।

(२) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकार को पूर्व स्विकृति लिनेछ ।

**१७. खाता संचालन :-** संस्थाको अध्यक्ष, सचिव मध्ये एक जना र कोषाध्यक्ष सहित दुई जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

**१८. संस्थाको लेखा र लेखा परिक्षण :-**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ । लेखा परिक्षकको बार्षिक प्रतिवे स्थानीय सरकार, समाज कल्याण परिषद् लगायत सम्बन्धित निक मा पेश गरिनेछ ।

## परिच्छेद-७

### निर्वाचन सम्वन्धि व्यवस्था

### १९. निर्वाचन सम्वन्धि व्यवस्था

(क) प्रत्येक कार्य समितको पदावधि पद सम्हालेका मितिले ३ बर्षको हुनेछ । पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै कार्य समितिले एक जना निर्वाचन अधिकृत र दुई जना सहायक गरि तीन जना मनोनयन गरि निजद्वरा निर्वाचनको व्यवस्था गर्नेछ । संस्था दर्ता भएको १ बर्ष भित्र विधान अनुसार चुनाव गराई सो को जानकारी स्थानीय सरकारलाई दिईनेछ ।

(ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरिने छ । त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वतः विघटन हुनेछ ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन् ।

### २०. उम्मेदवार हुने योग्यता :-

(क) संस्थाको सदस्य हुनुपर्ने ।
(ख) कुनै कानून द्वारा अयोग्य नठहरेको ।
(ग) संस्थाको उदेश्य बमोजिम काम गर्न प्रतिबद्ध रहेको ।

### २१. अविश्वासको प्रस्ताव :-

(क) सिंगो कार्य समिति वा समितिका कुनै पदाधिकारी उपर विश्वास छैन भने कुल सदस्य सँख्याको १/३ तिहाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् त्यस्तो प्रस्ताव माथि छलफल गरि उक्त प्रस्तावलाई समितिले ३५ दिन भित्र विशेष साधारण सभा बोलाउने छ र २/३ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भए सिंगो कार्य समिति वा पदाधिकारी पद मुक्त हुनेछन् । आरोपित व्यक्तिलाई १५ दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ । तोकिएको समयमा आफ्नो सफाई पेश नगरे निज स्वतः पद मुक्त हुनेछ ।

**२२. विधान संशोधन :-** कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२३. विनियम बनाउन सक्ने** :- संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

**२४. तदर्थ समिति** :- यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नुपर्नेछ । सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

**२५. संस्था खारेजी** :- (१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु संस्थाको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा वढि लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकले संस्था खारेजी सम्वन्धि काम कारवाही गर्नेछन् ।

४) विविध कारणवश संस्था विघटन भएमा यसको चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ

**२६. ऐन अनुसार हुने** :- यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**२७. नियम पालना** :- स्थानीय सरकारबाट प्राप्त निर्देशन संस्थाले पूर्ण रुपले पालना गर्नेछ।

**२८. संस्थापकहरुको मञ्जुरी** :- हामी ..............................संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै विधानमा सहिछाप गर्दछौं ।

| क्र.स. | संस्थापकको नामथर र ठेगाना | पद |
|---|---|---|
| १ | | अध्यक्ष |
| २ | | उपाध्यक्ष |
| ३ | | सचिव |
| ४ | | सहसचिव |
| ५ | | कोषाध्यक्ष |
| ६. | | सदस्य |

७ सदस्य

८ सदस्य

९ सदस्य

**विधानको अनुसूची (१)**

१. छाप अण्डाकार / गोलाकार / वा.....................हुनेछ ।

२.......................भित्रको घेराको वरीपरी ....................लेखिएको हुनेछ ।

३ छापको ......................... स्थानमा स्थापना मिति २०.........................हुनेछ ।

४. अन्य कुनै चिन्ह वा विवरण भए सोहि अनुसार व्याख्या गर्ने .....................।

५. तपशिल अनुसारको हुने भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्प्रष्ट रुपमा लेखिएको हुनु पर्ने ।

(छाप)

**प्रमाणीकरण मिति : २०८०/११/२४** **आज्ञाले**

**बुद्द प्रकाश पौडेल**

**प्रमुख प्रशासकिय अधिकृत**